नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौं

## प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्नेसम्बन्धी सूचना ।

वेभसाइटमा सूचना प्रकाशित मितिः- २०७७/९/१९

यस केन्द्रबाट विभिन्न ६० वटा विषयका सीपमूलक तथा उद्यमशिलता विकास तालीम सञ्चालन गर्न आवश्यक पर्ने प्रशिक्षकको सूचि (Roster) निर्माण गर्नुपर्ने भएकोले सम्बन्धित विषयको सूचिमा समावेश हुन तोकिएको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तोकिएबमोजिमको दरखास्त फाराम भरी तपसिलबमोजिमका कागजातहरुसहित यस केन्द्रको इमेल ठेगाना mcsipc2076@gmail.com मा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातहरुः

१. दरखास्त फाराम
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४. अनुभव/तालीम/ सीप परीक्षण तह/व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातको प्रमाणित प्रतिलिपि ।
५. अन्य आवश्यक कागजातहरु ।

द्रष्टव्यः

क. सूचि(Roster) निर्माण गर्नको लागि यस केन्द्रमा पर्न आएका दरखास्त उपर छानवीन गरी सूचि निर्माण गरिनेछ ।
ख. रीत नपुगेको दरखास्त फाराम उपर कुनै कारवाही गरिने छैन ।
ग. सूचिमा नाम समावेश गर्ने/नगर्ने अन्तिम अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
घ. सूचिमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट आवश्यक परेमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सकिनेछ ।
ङ. अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ ।
च. फरक-फरक विषयको प्रशिक्षकको सूचि (Roster) मा समावेश हुन छुट्टाछुट्टै निवेदन पेश गर्नुपर्ने छ।
छ. इमेलमार्फत् कागजातहरु पठाउँदा Subjet मा "आफूसँग सम्बन्धित विषयको प्रशिक्षकको रोष्टर" भनी उल्लेख गर्नुपर्नेछ ।(जस्तैः- मोवाइल मर्मत विषयको प्रशिक्षकको रोष्टर)
ज. इमेलमार्फत् पठाइएका कागजातहरु प्रष्ट बुझिने हुनुपर्नेछ । अन्यथा सूचिमा समावेश गरिने छैन ।
झ. विवरणहरु संसोधन गर्नुपर्ने भएमा पुनः दरखास्त पेश गर्नुपर्नेछ ।
ञ. केन्द्रले प्रत्येक आर्थिक वर्षमा रोष्टरको निर्माण वा अद्यावधिक गर्न सूचना प्रकाशित गर्न सक्नेछ ।
ट. रोष्टरमा समावेश भएकै कारणबाट प्रशिक्षण कार्यमा सहभागी गराइने सुनिश्चितता हुनेछैन । तालीम कार्यक्रममा उपयुक्त प्रशिक्षक छनौट गर्ने अधिकार यस केन्द्रलाई मात्र हुनेछ ।

प्रशिक्षकको शैक्षिक योग्यता, तालीम वा अनुभव

क. प्रशिक्षकः- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालीम लिएको र कम्तिमा ५ वर्ष कार्यानुभव भएको वा सम्बन्धित विषयमा सीप तह-३ उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव भएको ।

ख. सहायक प्रशिक्षकः- सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालीम लिएको वा सम्बन्धित विषयमा सीप तह-३ उत्तीर्ण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्यानुभव भएको ।

तालीमका विषयहरुः-

| सि.नं. | तालीमको नाम | सि.नं. | तालीमको नाम |
|---|---|---|---|
| १ | हाउस वायरिङ | ३१ | सपिङ झोला |
| २ | उद्यमशीलता विकास | ३२ | स्कुल व्याग बनाउने |
| ३ | खाद्य प्रशोधन | ३३ | झोल साबुन |
| ४ | बेसीक प्याट्रन सिलाई | ३४ | डल्लो साबुन |
| ५ | एडभान्स प्याट्रन सिलाई | ३५ | स्यानिटरी प्याड |
| ६ | फेसन डिजाइन | ३६ | कफि प्रोसेसिङ |
| ७ | हाते इम्ब्रोईडरी | ३७ | दालमोठ |
| ८ | मेसिन इम्ब्रोईडरी | ३८ | पापड |
| ९ | क्रिष्टल सामग्री उत्पादन | ३९ | दाना पशुपन्छी |
| १० | मखमल,ढाका जुत्ता, चप्पल उत्पादन | ४० | ट्र्याक्टर मर्मत |
| ११ | हाते कागज र फेल्ट उत्पादन | ४१ | इन्डस्ट्रियल वायरिङ |
| १२ | कागज वस्तु र स्क्रिन प्रिन्ट | ४२ | बाटेको धुप |
| १३ | रबर वोल्डिङ र रेजिनका वस्तु उत्पादन | ४३ | पेपर प्लाष्टिक प्लेट |
| १४ | बेकरी एड्भान्स | ४४ | वेलडिङ |
| १५ | व्यूटिसीयन (बेसिक) | ४५ | टायल मार्वल फिटिङ |
| १६ | व्यूटिसीयन (एड्भान्स) | ४६ | टि.भि. मर्मत |
| १७ | डल बनाउने | ४७ | अटो मोवाइल वायरिङ |
| १८ | प्लम्बिङ्ग | ४८ | फेस मास्क बनाउने |
| १९ | मोवाइल मर्मत | ४९ | स्यानिटाइजर बनाउने |
| २० | मोटरसाइकल मर्मत | ५० | फिनेल हार्पिक |
| २१ | Auto mechanic (गाडि मर्मत-४ चक्के) | ५१ | टिस्यु पेपर |
| २२ | कम्प्युटर मर्मत- हार्डवेयर | ५२ | मायोनेज |
| २३ | पानि तान्ने मेसिन (पम्प)मर्मत तालिम | ५३ | दुध प्रशोधन |
| २४ | कफि वारिष्टा | ५४ | कर्न फ्लेक्स |
| २५ | बेकरी बेसिक | ५५ | मोटर वायलडिङ |
| २६ | जाम जेली सस | ५६ | केराको रेसा |
| २७ | आलु र केरा चिप्स | ५७ | हर्वल सामग्री |
| २८ | बेद बाँसको सामग्री | ५८ | सोलार जडान मर्मत |
| २९ | म्याक्रोनी बनाउने | ५९ | फ्रिज/ए.सि. मर्मत |
| ३० | रबर स्टयाम्प साइनवोर्ड | ६० | Upvc/Aluminium/Fabricator |

केन्द्रको सम्पर्क ठेगानाः- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौं

फोन नं.:- ०१-४२५१५३८/४२५६९३१/४२४८०१५

वेभसाइटः- www.mcsipc.gov.np, इमेलः- mcsipc2076@gmail.com

## दरखास्त फारामको ढाँचा

श्रीमान् कार्यकारी अधिकृत ज्यू,

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र　　　　　　　　　　　　मितिः-

त्रिपुरेश्वर, काठमाडौं

**विषयः- प्रशिक्षकको सूचि (Roster) मा नाम समावेश गर्ने बारे ।**

केन्द्रको मिति .................. को प्रकाशित सूचनाबमोजिम केन्द्रमा रहने ............. विषयको प्रशिक्षकको सूचि(Roster) मा आवद्ध हुन इच्छुक भएकोले नाम सूचिकृत गरी दिनुहुन देहायका कागजात सहित यो निवेदन पेश गरेको छु ।

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
३. अनुभव/तालीम/ सीप परीक्षण तह/व्यवसायिक योग्यता प्रमाणित गर्ने कागजातको प्रमाणित प्रतिलिपि ।
४. अन्य आवश्यक कागजातहरु ।

<u>मेरो वैयक्तिक विवरण यसप्रकार छः</u>

१. निवेदकको नाम, थर (नेपालीमा):

२. निवेदकको नाम, थर (अङ्ग्रेजीमा):　　　　　　जन्ममितिः

३. स्थायी ठेगानाः　　　　　　　　　　　　पत्राचार गर्ने ठेगानाः

अस्थायी ठेगानाः-　　　　　　नागरिकता नं.　　　　जारी मिति/जिल्ला :-

४. सम्पर्क मोवाईल नं.:　　　　　　　　　　इमेलः

५. शैक्षिक योग्यताः

| क्र.सं. | उपाधि | अध्ययन गरेको संस्थाको नाम ठेगाना | उत्तिर्ण गरेको वर्ष/श्रेणी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

६. तालीमः

| क्र.सं. | तालीम दिने संस्थाको नाम र ठेगाना | तालीमको नाम | तालीमको अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. सीप परीक्षण :

| क्र.स. | सीप परीक्षण गर्ने संस्थाको नाम र ठेगाना | सीप परीक्षणको नाम | सीप परीक्षण तह | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. कार्य अनुभवः

| क्र.सं. | कार्यरत संस्थाको नाम ठेगाना | पद | अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मैले पेश गरेको विवरण ठीक साँचो हो । फरक परे कानूनबमोजिम सहुँला, बुझाउँला ।

निवेदकको

नामः

दस्तखतः